# नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
## Communist Party of Nepal (Maoist Centre)
### केन्द्रीय कार्यालय
### Central Office

पत्र संख्या : २०८१/०८२
चलानी नं. :१६

मितिः २०८१/०५/१६

क. इन्चार्ज/ अध्यक्ष
........ प्रदेश समिति ।

**विषयः- परिपत्र वारे ।**

प्रीय कमरेड,

उपरोक्त सम्बन्धमा यहि मिति २५, २६, २७, २८, ३० र ३१ गते सम्म पार्टीका अध्यक्ष क.पुष्पकमल दाहाल 'प्रचण्ड' को अध्यक्षतामा पार्टी स्थायी समितिको बैठक बस्यो । वैठकमा भएका छलफलका विषयहरूको जानकारी एवमं निर्णयहरूको कार्यान्वयनका लागि यो परिपत्र जारी गरिएको छ ।

१. वैठकको प्रारम्भमा महान् शहीदहरूको सम्भनामा १ मिनेट मौनधारण गरी श्रद्धाञ्जली प्रकट गरियो । साथै यस बर्षको बर्षातमा देसका बिभिन्न भागहरूमा बाढि पहिरोबाट भएको जन-धनको क्षति, हवाई दुर्घटना, सडक दुर्घटनामा परि निधन हुनुभएकाहरू प्रति श्रद्धाञ्जली अर्पण गरियो । घाईतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना तथा पीडित परिवारहरूप्रति समवेदना प्रकट गरियो । वैठकको कार्यसूचीमा मुलुकको वर्तमान परिस्थिति, वैचारिक-राजनीतिक तथा संगठनात्मक कार्यभार र पार्टी पूनःर्निमाण लगायतका विषयमा केन्द्रीत रह्यो ।

२. वैठकको प्रारम्भमा पार्टी अध्यक्ष क. प्रचण्डले बिद्यमान समस्या र चुनौतिहरूको सम्बोधनका लागि वैठकमा खुलेर छलफल गर्नाका लागि सवै कमरेडहरूप्रति आग्रह गर्दै छलफलको सुरूवात गर्नुभयो । अध्यक्ष कमरेडले वर्तमान परिस्थिति, भावि दिशा र कार्यक्रमवारे केन्द्रीत रहेर संक्षिप्त मन्तव्य राख्नुभयो । मन्तव्यमा मूख्यतः निम्न विषयहरू उल्लेखित रहेका छन् ।

(क) मुलुकमा हाम्रो पार्टीको नेतृत्वको सरकार रहेको अवस्थामा राष्ट्रिय स्वाधिनताको रक्षा, संघीय लोकतान्त्रीक गणतन्त्रको रक्षा, भ्रष्टाचार बिरुद्ध सुशासनको अभियान, सामाजीक न्याय सहित सिमित स्रोत साधनको अलावा आर्थिक समृद्धिको यात्रामा लागिरहेको अवस्था थियो ।

(ख) यस स्थितिमा अप्रत्यासित रूपमा असार १७ गते मध्यरातमा प्रतिनिधि सभामा रहेका २ ठूला दल - नेपाली कांग्रेस र नेकपा एमालेका नेतृत्वविच भएको सरकार परिवर्तनको सहमति र त्यसमा सहभागि नेताहरूको शार्वजनिक अभिव्यक्तिहरू बाट निम्न निष्कर्ष देखा पर्दछ ।

❖ भ्रष्ट्राचार बिरुद्धको सुशासनको अभियानलाई अवरुद्ध गर्ने र भ्रष्टहरूलाई बचाउने नियत प्रष्ट देखिन्छ ।

❖ संविधान संसोधन गर्ने भनेर भनिएका विषयहरू सुन्दा दश बर्षको जनयुद्ध र बृहत् शान्ति सम्झौता पश्चात प्राप्त संघीय लोकतान्त्रीक गणतन्त्र, धर्मनिरपेक्ष, समानुपातिक- समावेशी लगायतका उपलब्धिहरूलाई उल्ट्याएर मुलुकलाई २०४७ साल तिर फर्काउने संकेत देखिन्छ ।

❖ संविधानले सुनिश्चित गरेको बहुदलीय प्रतिष्पर्धाको प्रणालीलाई उल्ट्याएर दुई दलीय सर्वसत्तावाद तर्फ लैजाने दिशामा उद्धत देखिन्छ ।

❖ राष्ट्रियताको दृष्टिकोणले वर्तमान बिश्व परिवेश र भू-राजनितिक स्थितिको सन्दर्भमा मुलुकमा अस्थिरता र अराजकता पैदा गराउने, राज्यलाई झन कमजोर बनाउने, कमजोर अवस्थामा नै बिदेशी शक्ति केन्द्रहरूले आफ्नो स्वार्थ अनुरूप नेपालको राष्ट्रिय हित प्रतिकुलका सम्झौताहरू गराउने र मुलुकको राष्ट्रिय अस्मितालाई झन कमजोर तुल्याउने देखिन्छ ।

(ग) अतः उल्लेखित तथ्यहरूको आधारमा दुई दलवीचको सात बुँदे सहमति पश्चगामी र प्रतिगामी कदम रहेको स्पष्ट देखिन्छ ।

(घ) प्रतिगमन, राष्ट्रघात, भ्रष्ट्रहरूको संरक्षण, जनताका दैनिक समस्याहरू आदि विषयलाई लिएर सदनमा प्रतिपक्षमा रहेर सशक्त ढंगले भूमिका निर्वाह गर्नुपर्ने छ । सदनमा खवरदारीका बाबजुद पनि प्रतिगमन, राष्ट्रघात र भ्रष्ट्रहरूको संरक्षण गर्ने दिशामा सरकार झनझन अगाडि बढेमा कुनै पनि समयमा सडक आन्दोलनमा जानुपर्ने आवश्यकता लाई पनि ध्यानमा राख्नुपर्ने देखिन्छ ।

(ङ) पार्टीको कार्यदिशाबारे, दश बर्षको जनयुद्ध लगायत बिगतको आन्दोलन र बृहत् शान्ति सम्झौताबाट प्राप्त उपलब्धिको रक्षा, राष्ट्रिय स्वाधिनता र आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्दै नेपाली बिशेषताको समाजवादी क्रान्ति सम्पन्न गर्न २०७८ सालमा सम्पन्न पार्टीको आठौं महाधिबेशनबाट पारित प्रस्ताव - **"२१ औं शताव्दिमा समाजवादको नेपाली बाटो"** मा उल्लेखित कार्यदिशा नै अहिलेको सन्दर्भमा सहि र बस्तुसम्मत कार्यदिशा रहेको छ ।

(च) परन्तुः आउने महाधिवेशन सम्म यस कार्यदिशालाई समृद्ध गर्दै लैजानु पर्ने छ ।

(छ) कार्यदिशाले माग गरे अनुसार यस वीचमा सदन र सरकार मार्फत पार्टीले अपनाएका कार्यक्रम तथा कार्यनीतिहरूमा कतिपय सिमा कमि कमजोरीका बाबजुद मुलभूत रूपमा सहि रहेका छन् ।

(ज) कार्यदिशा अनुरूप कार्यक्रम र कार्यनीतिहरूलाई कार्यान्वयन गर्नाका लागि मुख्यतः पार्टी संगठनमा निर्भर रहन्छ । परन्तुः पार्टी संगठनको क्षेत्रमा जुन गतिमा अगाडि बढ्नु पर्दथ्यो त्यस रूपमा अगाडी बढाउन सकेनौं । पार्टीमा ब्यक्तिगत स्वार्थ, पद प्रतिष्ठा केन्द्रीत प्रवृत्तिहरू बढ्न थाल्यो । त्यसले गर्दा नीजि स्वार्थ समुहहरूको गुट- उपगुटहरू क्रियासिल हुने जस्ता नकारात्मक चिन्तन प्रवृत्ति तथा गतिबिधिहरू देखिए । पार्टीको बिधान र बिधि पद्धतिलाई अवलम्वन गर्ने कुरा कमजोर बन्दै गयो र एक प्रकारको अराजक स्थिति पनि पैदा भयो । बिगत कालमा त्यस प्रकारका चिन्तन प्रवृत्ति प्रति उदार सोचहरूले गर्दा त्यसलाई निरूत्साहीत गर्न सकेनौं ।

(झ) अतः पार्टी निर्माणको लागि नीजि स्वार्थ केन्द्रीत गुट, उप-गुटजन्य प्रवृत्तिहरूलाई निरूत्साहीत गर्दै पार्टीलाई नयाँ उचाईमा एकताबद्द गर्दै लैजानु पर्दछ ।

(ञ) पार्टीलाई नयाँ उचाईमा एकताबद्ध गर्नुको साथ-साथै समान विचार मिल्ने अन्य बाम घटकहरूसँग पनि बाम ध्रुबिकरण तथा बृहत कम्युनिष्ट पार्टी एकतामा जोड दिनु पर्दछ । तत्काल पार्टी एकता हुन नसकेका अन्य बाम घटकहरूसँग समाजवादी मोर्चा निर्माण र विस्तार गर्दै लैजाने नीति लिनुपर्ने छ ।

३. वैठकमा अध्यक्ष कमरेडको प्रस्तुति पश्चात वरिष्ठ उपाध्यक्ष कमरेड लगायत सबै कमरेडहरू छलफलमा सहभागि हुनुभयो । सहभागि सबै कमरेडहरूले मुलुकको प्रतिगमनको परिस्थिति, राष्ट्रिय स्वाधिनता माथिका चुनौतिहरू, पार्टीको भावि कार्यदिशा र कार्यनीतिहरू, त्यसको कार्यान्वयन क्षेत्रमा रहेका उपलब्धि र सिमाहरूको समिक्षा, सरकार गठन बिघटन र सरकारका काम कारवाहीहरू, पार्टी संगठनमा देखा परेका नीजि स्वार्थ केन्द्रीत गुट-उपगुटहरू लगायतका संगठनात्मक समस्याहरू, पार्टी बिधि बिधान अनुरूप चल्न नसकेका समस्याहरू आदि वारे खुलेर छलफल गर्नुभयो ।

४. पार्टी केन्द्रीय समितिको पूर्ण वैठकको तयारीको सन्दर्भमा, पार्टी केन्द्रीय सदस्यहरू र प्रदेश पदाधिकारीका वीचमा व्यापक छलफलको लागि परामर्श वैठक बस्ने निर्णय भएको छ ।

**परामर्श वैठकको कार्यतालिका**

- ❖ बागमती प्रदेशका के.स. तथा प्रदेश पदाधिकारीहरूको वैठक भाद्र ५ र ६ गते ।
- ❖ उपत्यका बिशेष तथा सम्पर्क समन्वय प्रदेशमा कार्यरत के.स. तथा प्रदेश पदाधिकारीहरूको वैठक भाद्र ७ र ८ गते ।
- ❖ गण्डकी प्रदेशका के.स. तथा प्रदेश पदाधिकारीहरूको वैठक भाद्र ९ र १० गते ।
- ❖ सुदुपश्चिम प्रदेशका के.स. तथा प्रदेश पदाधिकारीहरूको वैठक भाद्र १२ र १३ गते ।
- ❖ कर्णाली प्रदेशका के.स. तथा प्रदेश पदाधिकारीहरूको वैठक भाद्र १४ र १५ गते ।
- ❖ लुम्बिनी प्रदेशका के.स. तथा प्रदेश पदाधिकारीहरूको वैठक भाद्र १६ र १७ गते ।
- ❖ तीन वटै केन्द्रीय आयोगका सदस्यहरूको वैठक भाद्र १८ र १९ गते ।
- ❖ पूर्व, १ नं प्रदेशका के.स. तथा प्रदेश पदाधिकारीहरूको वैठक भाद्र २२ र २३ गते ।
- ❖ मधेश प्रदेशका के.स. हरूको वैठक भाद्र २४ र २५ गते ।
- ❖ ज.व.श मोर्चामा कार्यरत पार्टी के.स. हरू र केन्द्रीय बिभागहरूमा कार्यरत पार्टी के.स. हरू को वैठक भाद्र २७ र २८ गते । (***नोटः** यस वैठकमा अन्य प्रदेशको जिम्मेवारीमा नरहेका र मोर्चा वा बिभागमा मात्र जिम्मेवारीमा रहनुभएका पार्टी केन्द्रीय सदस्यहरू सहभागी हुनेछन्*)।
- ❖ प्रवाश प्रदेशमा कार्यरत पार्टी के.स. हरू तथा प्रदेश पदाधिकारीहरूको वैठक भाद्र ३१ आश्विन १ गते ।
- ❖ जेष्ठ कम्युनिष्ट मञ्च र केन्द्रीय सल्लाहकारहरूको वैठक असोज २ र ३ गते ।

***(नोटः***

*वैठक हुने स्थान र समय, प्रदेशहरूको हकमा सम्बन्धित प्रदेशका इञ्चार्ज कमरेडहरूले तय गर्नुहुनेछ र,अन्यको हकमा पार्टी केन्द्रीय कार्यलायमा हुने छ । कुनै काम बिशेषले समय तालिकामा हेरफेर गर्नुपरेमा सम्बन्धित प्रदेशको इञ्चार्जसँगको परामर्शको आधारमा केन्द्रीय कार्यालयले गर्ने छ) ।*


५. वैठकको अन्त्यमा, अध्यक्ष क. प्रचण्डले छलफलमा उठेका विषयहरू वारे स्पष्ट पार्दै संक्षिप्त रूपमा संश्लेषण गर्नुभयो ।


जस अनुसार,

- सवै कमरेडहरूले मुलुकको परिस्थिति, सरकारमा रहेको समयमा भए गरेका काम-कारवाहीहरू, पार्टीको कार्यदिशा, कार्यनीति, पार्टी नेतृत्व, पार्टी संगठनका समस्याहरू लगायतका विषयहरूमा खुलेर छलफल गर्नुभयो । त्यसले पार्टीको केन्द्रीय समितिको पूर्ण वैठकको लागि प्रस्ताव तयार गर्न महत्वपूर्ण योगदान पुगेको र **सान्दर्भिक तथा आवश्यक विषयहरूलाई आगामी केन्द्रीय समितिको वैठकमा प्रस्तुत हुने दस्तावेजमा समेटिने बिश्वास ब्यक्त गर्दै** सवै कमरेडहरूप्रति आभार प्रकट गर्नुभयो ।

- वैठकमा अभिव्यक्त भएका कतिपय कमरेडहरूका भनाईहरू सञ्चार माध्यमहरूमा सार्वजनिकिकरण हुँदा त्यसले पार्टीलाई गम्भिर क्षति पुर्याउछ । पार्टी कमिटिमा अन्तर-जनवादको पूर्ण स्वतन्त्रता छ र हुने छ । तर पार्टी कमिटि भित्रका हरेक कुरा सार्वजनिकिकरण गर्नु पार्टीको सामान्य मूल्य-मान्यताको समेत गम्भिर उल्लङ्घन हुन जान्छ । अतः आगामी दिनमा त्यस प्रकारका कार्यहरू हुन नदिन सतर्क रहँदै पार्टीको कार्यदिशा, पार्टीको आन्तरिक एकता र पार्टी नेतृत्वको पक्षमा एकताबद्ध भएर उभिन सवै कमरेडहरूप्रति हार्दिक आग्रह गर्नुभयो । **पछिल्लो समयमा कतिपय सन्दर्भमा हाम्रो पार्टी बिभाजन हुँदै छ भनि जसरी चर्चा परिचर्चा चलिरहेको र त्यसमा पनि उपमहासचिव क.जनार्दन शर्मा 'प्रभाकर' ले पार्टी फुटाउदै छ भन्ने प्रचारमा कुनै सत्यता नरहेको विषय स्पष्ट पार्नुभयो । साथै हाम्रो पार्टी एकतावद्ध रहेको र रहिरहने बिश्वास ब्यक्त गर्दै** वैठकको समापन गर्नुभयो ।

*क्रान्तिकारी अभिवादन सहित*


.............
देव गुरुङ
(महासचिव)


............
पुष्पकमल दाहाल 'प्रचण्ड'
(अध्यक्ष)